आज मिति २०७८।११।१२ गते बिहीबारका दिन यस चौदण्डीगढी नगरपालिकाका नगर प्रमुख श्री खगेन्द्र राईज्यूको अध्यक्षतामा यस नरपालिकाको नगर कार्यपालिकाको १४१ औं (आर्थिक वर्ष २०७८/०७९ को १३ औं) बैठक तपसिलका पदाधिकारीहरु ज्यूहरुको उपस्थितिमा बसियो ।

तपसिल :-

| क्र.स. | नाम थर | पद | सम्पर्क मो. नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री खगेन्द्र राई | नगर प्रमुख | ९८५२८४४०५७<br>९८४१०३०१२७ | |
| २ | श्री रीता कुमारी चौधरी | नगर उपप्रमुख | ९८५२८४४०५८ | |
| ३ | श्री ध्रुवराज आचार्य | प्रमुख प्रशासकीय अधिकृत | ९८५२८४४०४७ | |
| ४ | श्री रोहितमान तामाङ्ग | अध्यक्ष वडा नं. १ | ९८६२९२६२०६ | |
| ५ | श्री सन्तोष सुवेदी | अध्यक्ष वडा नं. २ | ९८१९७४४१२८<br>९८५२८४४०५९ | |
| ६ | श्री पर्शुराम राई | अध्यक्ष वडा नं. ३ | ९८१४७३४८५५<br>९८५२८४४०८२ | |
| ७ | श्री चरण कुमार राई | अध्यक्ष वडा नं. ४ | ९८०५९९९७००<br>९८५२८४४०८५ | |
| ८ | श्री देवनारयण चौधरी | अध्यक्ष वडा नं. ५ | ९८६२८१६६५६<br>९८५२८४४०६७ | |
| ९ | श्री कमलध्वज राई | अध्यक्ष वडा नं. ६ | ९८१९९८९५१८<br>९८५२८४४०६० | |
| १० | श्री तेजराज तिम्सिना | अध्यक्ष वडा नं. ७ | ९८४२८५५९५० | |
| ११ | श्री गड्ुड बहादुर वि.क. | अध्यक्ष वडा नं. ८ | ९८५२८४४०४९ | |
| १२ | श्री प्रकाश राउत | अध्यक्ष वडा नं. ९ | ९८५२८३५२०८ | |
| १३ | श्री राम कुमार खडका | अध्यक्ष वडा नं. १० | ९८४२९८५०९६ | |
| १४ | श्री देवी कुमारी कार्की | नगर कार्यपालिका सदस्य | ९८१५७५६०६६ | |
| १५ | श्री जानुका कमर | नगर कार्यपालिका सदस्य | ९८४२१५४९०४ | |
| १६ | श्री मदन कुमारी कार्की | नगर कार्यपालिका सदस्य | ९८६३८७३९४३ | |
| १७ | श्री विमला राई | नगर कार्यपालिका सदस्य | ९७४१४११७७८ | |
| १८ | श्री सुन्दर प्रकाश शाह | नगर कार्यपालिका सदस्य | ९८११७९०२४० | |
| १९ | श्री अस्मिता नेपाली | नगर कार्यपालिका सदस्य | ९७४०९८४५५९ | |
| २० | श्री प्रमीला दनुवार | नगर कार्यपालिका सदस्य | ९८०३९९६६८८ | |

प्रस्तावहरू :-

१. भूमि आयोगको सूचना सम्बन्धमा ।
२. विशेष नगर सभा सम्बन्धमा ।
३. स्थानीय तह वित्तीय ~~जोखिम~~ सुशासन जोखिम - मूल्याङ्कन कार्यविधि, २०६६ को अनुशीलन सम्बन्धमा ।
४. स्वास्थ्यकर्मीहरूको अतिरिक्त सुविधा सम्बन्धमा ।
~~५. [illegible] I.E.E. [illegible] सम्बन्धमा ।~~
५. रम्घरी जग्गाहरूबाट सम्याउने तथा ढुंगा, गिट्टी बिक्री निकासी गर्न - व्यक्तिहरूको माग बमोजिम IEE गर्न अनुमति दिने सम्बन्धमा ।
६. बालुवा घाटगद्दी गर्ने सम्बन्धी गोविन्द ब. बस्नेतको माग सम्बन्धमा ।
७. सिर्वानी बेली सडक विस्तार तथा स्तरोन्नती गर्ने सम्बन्धमा ।
८. आँखा अस्पताल बेल्टारको शौचालय निर्माण सम्बन्धमा ।
९. नारदमुनी रंगशालामा रहेको मञ्च व्यवस्थापन सम्बन्धमा ।
१०. नेपाल निजामती कर्मचारी युनियन उपप.रको माग सम्बन्धमा ।
११. न.पा.का विभिन्न वडाका स-साना अत्यावश्यक योजनाहरूको मर्मत सम्बन्धमा ।
१२. आलुको बीउ ढुवानी तथा बीउ क्षतिको राहत सम्बन्धमा ।
१३. सडक बत्तिहरू मर्मत तथा जडान गर्ने सम्बन्धमा ।

छलफल तथा निर्णयहरू

नि.नं.१ प्रस्ताव नं. १ माथि छलफल गर्दा राष्ट्रिय भूमि आयोग - बाट मिति २०७८।११।११ गते प्रकाशित सूचना अनुसार यस नगरपालिकाको वास्तविक अवस्था बमोजिम राष्ट्रिय भूमि आयोगलाई तपसिल बमोजिमका विषयहरूमा सुझाव तथा अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल

१. नेपाल सरकारको निर्णय बमोजिम विगतमा गठन भएका - आयोगहरूबाट नाप नक्सा भई यस नगरपालिका अन्तर्गतका - साबिकका गा.वि.स. हरूबाट जिल्ला आयोगमा पठाइएका फायलहरू खोली तत्काल कार्यान्वयन गर्ने व्यवस्था - मिलाइ दिनुहुन ।
२. यस नगरपालिकाको विभिन्न वडामा बलकमा रहेका जग्गाहरूको नापी भएका जग्गाहरूको पुर्जा वितरण कार्य र नापी हुन बाँकी रहेका जग्गाहरूको तत्काल नापनक्सा गरी पुर्जा वितरण कार्य गर्ने व्यवस्था मिलाई दिनुहुन ।
३. निवर्तमान आयोगबाट भएको परिपत्र बमोजिम यस नगरपालिकाको १० वटै वडाबाट लगत संकलन कार्य सम्पन्न गरी वडा नं. एकबाट नापी कार्य शुरु गरिएको र हाल वडा नं. १० बाट समेत जग्गा नापी कार्य सञ्चालन गरिएको हुँदा उक्त नापी कार्य सम्पन्न भएका

बस्ति तथा वडाहरुको हकमा आवश्यक प्रक्रिया पुरा गरी पुर्जा वितरण गर्ने प्रक्रिया अगाडी बढाइयोस् ।

<u>नि.नं.२</u> प्रस्ताव २ माथि छलफल गर्दा यस न.पा.को गत आ.व.२०७७/७८ को अन्तिम लेखा परिक्षणको प्रारम्भिक प्रतिवेदन प्राप्त भएको साथै गत विगत आ.व.हरु समेतको अन्तिम लेखा-परीक्षण प्रतिवेदनहरु समेतमा आवश्यक छलफल तथा निर्णय गर्न तपसिलको मिति, स्थान र समयमा विशेष नगरसभा बस्ने निर्णय गरियो ।

<u>तपसिल</u>

मिति : २०७८।११।१८ गते<br>
समय : बिहान ८:०० बजे<br>
स्थान :- नपा.को सभाहल

<u>नि.नं.३</u> प्रस्ताव नं. ३ माथि छलफल गर्दा आजको कार्यपालिका बैठकमा यस न.पा.का प्रमुख प्रशासकीय अधिकृत श्री ध्रुव-राज आचार्य ज्यूबाट स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७७ को बारेमा अनुशिक्षण तथा ~~अभ्र~~ अभिमुखिकरण गरियो । साथै उक्त कार्यविधिको बारेमा मिति २०७८।११।१८ गते बस्ने नगरसभामा समेत अनुशिक्षण गर्ने निर्णय गरियो ।

<u>नि.नं.४</u>

नि.नं.५ :- प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस न.पा.को नगरकार्यपालिकेको मिति २०७८/०९/३० गते बसेको १२६ औं बैठकको निर्णय अनुसार यस न.पा. विभिन्न वडाका नागरिकहरुले आफ्नो नम्बरी जग्गा सम्याउने तथा सो बाट निस्कने ढुंगा गिट्टी बिक्रि निकासी गर्न प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्नको लागि व्यक्तिहरुको माग निवेदन सहित वडा कार्यालयहरुबाट सिफारिस भई आएको हुँदा नियमानुसार IEE गराई IEE प्रतिवेदन यस नपा बाट स्वीकृत गराई नियमानुसारको राजस्व बुझाई न.पा. र सम्बन्धित वडाको रोहबरमा काम गर्ने गराउने गरी तपसिलका व्यक्तिहरुलाई IEE गर्न अनुमति दिने निर्णय गरियो।

तपसिल

वडा नं. २

| सि.न. | जग्गाधनि/व्यक्तिको नाम | साविक जि.उ. सुन्दरपुर गा.वि.स./न.पा.को कि.न. | जग्गाको क्षेत्रफल विवरण | कैफियत |
|---|---|---|---|---|
| १. | बल बहादुर खड्का | गा.व.स.९/ट कि.न.८० | ०-३-१८ | ज.वि. |
| २. | कमला खडका | गा.व.स.९/ट कि.न.७९ | ०-२-१६ | ज.वि. |
| ३. | देवी माया कार्की | गा.व.स.९/ट कि.न.५३ | ०-६-४ | ज.वि. |
| ४. | छत्र बहादुर सापकोटा | गा.व.स.९/ट कि.न.१४४ | ०-१०-४ | ज.वि. |
| ५. | पार्वती पौडेल | गा.व.स.९/ग कि.न.४० | ०-५-२ | ज.वि. |
| ६. | महेन्द्र बहादुर राउत | गा.व.स.९/ट कि.न.१० | ०-१०-४ | ज.वि. |
| | महेन्द्र बहादुर राउत | गा.व.स.९/ट कि.न.२२ | ०-९-१४ | ज.वि. |
| ७. | तिलक बहादुर मगर | गा.व.स.९/ट कि.न.१२७ | ०-५-० | ज.वि. |
| ८. | इन्द्र बहादुर तामाङ्ग | गा.व.स.९/ट कि.न.८७ | १-१-४ | ज.वि. |
| ९. | रमेश पौडेल | गा.व.स.९/ज कि.न.७० | ३-३-५ | ज.वि. |
| १०. | पवित्रा कार्की | गा.व.स.९/ट कि.न.१२८ | ०-१२-० | ज.वि. |
| ११. | कृत बहादुर राई | गा.व.स.९/ङ कि.न.४२ | ०-५-१५ | ज.वि. |
| १२. | ललितमाया खड्का | गा.व.स.९/ग कि.न.१४४ | ०-१०-० | ज.वि. |
| १३. | कमला राई | गा.व.स.९/ङ कि.न.५२ | ०-३-१६ | ज.वि. |
| | कमला राई | गा.व.स.९/ङ कि.न.५१ | ०-१-१८ | ज.वि. |
| १४. | बंश बहादुर खडका | सुन्दरपुर गा.व.स.९/झ कि.न.२३ | ०-१४-१२ | ज.रो. |
| १५. | जगत बहादुरआछामीमगर | सुन्दरपुर गा.व.स.९/ज कि.न.९६ | ०-४-० | ज.वि. |
| | जगत बहादुरआछामीमगर | सुन्दरपुर गा.व.स.९/ज कि.न.९८ | ०-५-१८ | ज.वि. |
| | जगत बहादुरआछामीमगर | सुन्दरपुर गा.व.स.९/ ज कि.न.९४ | ०-५-१ | ज.वि. |

**८ नं वडा**

| सि.न. | जग्गाधनि/व्यक्तिको नाम | साविक जि.उ. चौदण्डी गा.वि.स./न.पा.को कि.न. | जग्गाको क्षेत्रफल विवरण | कैफियत |
|---|---|---|---|---|
| १. | श्याम ध्वाज राई | गा.व.स.७/छ कि.न.३१ | ८-०-३-० | ज.रो |
| २. | मकर बहादुर मगर | गा.व.स.७/छ कि.न.१०६ | ८-१-३-० | ज.रो. |
| ३. | बागीमान राई | गा.व.स.६/ण कि.न.१३ | ३३-१०-३ | ज.रो |
| | बागीमान राई | गा.व.स.६/ण कि.न.१६ | ३-१४-३ | ज.रो. |
| | बागीमान राई | गा.व.स.६/ण कि.न.१७ | ८-१०-० | ज.रो. |

**नि.नं.६** प्रस्ताव नं.६ माथि छलफल गर्दा यस न.पा.को त्रियुगा खोला बाट नदिजन्य पदार्थ बालुवा उत्खनन् गर्ने कार्यको लागि यस न.पा. बाट IEE सम्पन्न/स्वीकृत गरी ठेक्का आव्हानको सूचना तेस्रोपटक सम्म प्रकाशन गर्दा समेत ठेक्का नलागेको र हाल उक्त IEE भएकै क्षेत्र मध्ये वडा नं. ५ स्थित त्रियुगा खोला शिवाइबाट अमानतमा राजश्व जम्मा गर्ने गरी बालुवा उत्खनन तथा घाटगद्दी गर्न अनुमति पाऊँ भनि वडा कार्यालयको सिफारिस सहित यस न.पा.को वडा नं.५ बस्ने गोविन्द बहादुर बस्नेतले निवेदन दिनु भएको हुँदा निजलाई यस न.पा.को स्वीकृत दररेट अनुसारको राजश्व न.पा.मा बुझाई निजको माग बमोजिमको २५०० घ.मि. बालुवा घाटगद्दी गर्न अनुमति दिने निर्णय गरियो।

**नि.नं.७** प्रस्ताव नं.७ माथि छलफल गर्दा यस न.पा.को वडा नं.६ को स्वीकृत कार्यक्रम अनुसार वडा नं.६ को औतारेथान देखि सिर्वानी जाने बाटो विस्तार तथा स्तरोन्नती गर्ने कार्य गरिएकोमा बजेट अभावको कारण उक्त बाटो सिर्वानी बिच सम्म मात्र विस्तार भएको हुँदा उक्त बाटोलाई सिर्वानी देखी बेली सम्म विस्तार तथा स्तरोन्नती गर्न अति आवश्यक भएकोले यस न.पा.को ममत ~~सम्भ~~ सम्भार तथा भैपरी खर्च शीर्षकबाट खर्च गर्ने गरी सिर्वानी देखि बेली सम्मको सडक विस्तार तथा स्तरोन्नतिको कार्य गर्ने निर्णय गरियो। न.पा. बाट उपलब्ध हुने रकम रु. ९,५०,०००।–

**नि.नं.८** प्रस्ताव नं.८ माथि छलफल गर्दा यस न.पा.को वडा नं.७ बेल्टारमा सञ्चालित नगर अस्पताल बेल्टार अन्तर्गत सञ्चालन गर्ने गरी चौधरी आँखा अस्पताल लाहान मार्फत संचालन हुने आँखा उपचार सेवा केन्द्र बेल्टारको भवन निर्माण कार्य सकिएको र उक्त भवनमा शौचालय नभएको कारण सेवा संचालनमा समस्या हुने भएकोले उक्त भवनको लागी शौचालय निर्माण तथा व्यवस्थापनको लागी तत्काल आवश्यक रकम रु.२,३५,०००।– मात्र यस न.पा.को ममत संभार तथा भैपरी खर्च शीर्षक बाट उपलब्ध गराउने र उक्त आँखा उपचार सेवा केन्द्र तत्काल संचालनमा ल्याउने व्यवस्था मिलाउने निर्णय गरियो।

निं.नं.९ प्रस्ताव नं.९ माथि छलफल गर्दा मिति २०७८।११।०१ गते देखि यस न.पा.ले औद्योगिक खेलकुद महोत्सव २०७८ सञ्चालन गरिरहेको सन्दर्भमा प्रदेशस्तरीय महिला फुटबल प्रतियोगिता यस न.पा.को वडा नं.४ मा रहेको नारदमुनी रंगशालामा संचालन हुने र उक्त रंगशालामा निर्माणाधिन अवस्थामा रहेको मञ्चमा छाना नभएकोले तत्काल छाना लगाउने व्यवस्था मिलाई दिनुहुन भनि उक्त वडाको च.नं. १४२२ मिति २०७८।११।०२ गतेको पत्रबाट लेखि आएकोले उक्त माग बमोजिम नारदमुनी रंगशालामा रहेको मञ्चमा ट्रस्ट लगाई छाना लगाउनको लागि यस न.पा.को चालु आ.व.को लागि स्वीकृत मर्मत संभार तथा भैपरी खर्च शीर्षकबाट रु. ३,२५,०००।- रकम उपलब्ध गराउने गरी उक्त मञ्चमा छाना लगाउने कार्यको व्यवस्था मिलाउने र स्थानिय व्यक्तिहरु बाट उपभोक्ता समिति गठन गरी काम अगाडी बढाउने निर्णय गरियो।

निं.नं.१० प्रस्ताव नं.१० माथि छलफल गर्दा नेपाल निजामती कर्मचारी युनियन जिल्ला कार्य समिति उदयपुरको माग बमोजिम उक्त युनियनको कार्यालय व्यवस्थापनको लागि यस न.पा.को मर्मत संभार तथा भैपरी खर्च शीर्षकबाट रु. ३००,०००।- सहयोग उपलब्ध गराउने निर्णय गरियो।

निं.नं.११ प्रस्ताव नं.११ माथि छलफल गर्दा यस न.पा.को विभिन्न वडाबाट तपसिल बमोजिमका अत्यावश्यक योजना तथा सडकहरुको मर्मत संभारको लागि माग भई आएको हुँदा उक्त योजनाहरुको मर्मत यस न.पा.को मर्मत संभार तथा भैपरी खर्च शीर्षकबाट भुक्तानी गर्ने गरी मर्मत कार्य गर्ने निर्णय गरियो।

तपसिल

१. फिलखोला कलभर्ट मर्मत वडा नं.-८ रु.१००,०००।-
२. विरेन्द्र बजार तल्लो शिवालय मन्दिर निर्माण वडा नं.८ रु.१००,०००।-

नि.नं.१२ प्रस्ताव नं.१२ माथि छलफल गर्दा यस न.पा.ले न.पा.भित्रैका कृषक-हरूले उत्पादन गरेको आलुको बीउ कोल्ड स्टोरमा राखिदिएको र उक्त आलुको बीउ कोल्डस्टोरबाट किसानहरूको घरघर सम्म पुऱ्याउन ढुवानीमा भएको खर्च र कोल्डस्टोरमा राखिएको आलुको बीउ मध्ये केही आलुको बीउ नष्ट भएको साथै वितरण गर्ने क्रममा हानीनोक्सानी भई केही किसानहरूले आलुको बीउ फिर्ता नपाएकोले तिनै किसानहरूलाई क्षतिपूर्ति र आलुको बीउ ढुवानीको तपसिल अनुसारको खर्च रकम भुक्तानी गर्ने निर्णय गरियो। उक्त दुवै रकम कृषि तर्फ [illegible] आलुको बीउ ढुवानी र कृषि सम्बन्धी विविध खर्च शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

तपसिल

१. आलुको बीउ ढुवानी भाडा रु.१,३२,२१०।- (१६३८ बोरा)
२. आलुको बीउको क्षतिपूर्ति १६ बोराको जम्मा रु.४८,०००।- (कृषि शाखाको टिप्पणी बमोजिमका ~~[illegible]~~ कृषकहरूलाई)

नि.नं.१३ प्रस्ताव नं.१३ माथि छलफल गर्दा यस न.पा.ले गत - विगतमा विभिन्न वडाका सडकहरूमा जडान गरेको सडकबत्तीहरू बिग्रिएको साथै नयाँ स्थानहरूमा समेत सडक बत्ति जडानको माग भई आएकोहुँदा यस न.पा.का विद्युत सम्बन्धी काम गर्ने कर्मचारीहरू परिचालन गरि उक्त बिग्रिएका सडकबत्तिहरू मर्मत गर्ने र नयाँ स्थानहरूमा समेत आवश्यकताको आधारमा सडक बत्ती जडान गर्ने गराउने निर्णय गरियो। साथै उक्त सडक बत्ति जडान खर्च रकम यस न.पा.को मर्मत संभार तथा [illegible] खर्च शीर्षक बाट भुक्तानी दिने निर्णय गरियो।